<u>वितरणपूर्व परीक्षण</u>

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले अन्तर्राष्ट्रिय अपाङ्ग दिवस मनाउन अपाङ्ग महासङ्घ नेपालद्वारा आयोजित कार्यक्रममा दिनुभएको मन्तव्य

**२०६५ मङ्सिर १८, काठमाडौं**

संविधानसभाका उपाध्यक्ष पूर्णाकुमारी सुवेदीज्यू, माननीय सभासदहरू रघुवीर जोशी र इन्द्रकुमारी गुरुङ, नेपाल नेत्रहीन महासङ्घका अध्यक्ष नरबहादुर लिम्बु, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका का. मु. सचिव रत्नकाजी वज्राचार्य, अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष श्री वीरेन्द्रराज पोखरेल तथा यस सभामा उपस्थित अन्य महानुभावहरू।

आज १७ औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवस तपाईंहरूसँगै मनाउन मलाई निमन्त्रणा गर्नुभएकोमा धन्यवाद छ।

गत वर्ष नेपालमा अपाङ्ग व्यक्तिहरूका लागि केही महत्त्वपूर्ण घटना भएका छन्। सर्वप्रथम पुस १९ गते सरकारले अपाङ्ग व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (महासन्धि) मा हस्ताक्षर गर्‍यो।

सो महासन्धिसम्बन्धी छोटो जानकारीः तपाईंहरूलाई थाहै छ, महासन्धि र यसको ऐच्छिक आलेख (जसले छुट्टाछुट्टै उजुरीहरूलाई नयाँ समितिसम्म पुग्न दिन्छन्)लाई २० वटा राष्ट्रहरूले यसै वर्ष वैशाख २१ गते अनुमोदन गरेपछि ती लागू भए। हाल महासन्धिलाई ४१ राष्ट्रले अनुमोदन गरेका र १३७ वटाले यसमा हस्ताक्षर गरेका तथा ऐच्छिक आलेखमा २५ राष्ट्रहरूले अनुमोदन र ७९ राष्ट्रहरूले हस्ताक्षर गरेका छन् भन्ने कुरा तपाईंहरूलाई सुनाउन पाउँदा मलाई खुसी लागेको छ। कात्तिक १८ गते समितिका १२ सदस्यहरू निर्वाचित भए।

अपाङ्गता भएका व्यक्तिहरू अरूको सद्भाव वा दयामा आश्रित वा चिकित्सकीय दृष्टिकोणबाट हेरिनुपर्ने मानिस मात्र होइनन् उनीहरू हक र अधिकार भएका समाजका पूर्ण र सक्रिय सदस्य हुन् भनी अन्तर्राष्ट्रिय कानुनमा मान्यता प्रदान गरिनु सो महासन्धिको एउटा सबैभन्दा ठूलो उपलब्धि हो।

गत वर्ष चैत महिनामा सम्पन्न निर्वाचनबाट अघिल्ला कुनै पनि संसद्मा भन्दा बढी नेपाली जनताको विविधतायुक्त प्रतिनिधित्व भएको संविधानसभा बन्यो, जसमा दुईजना अपाङ्गता भएका व्यक्तिहरू पनि छन्। यस प्रतिनिधित्वले सीमान्तीकृत समुदायहरू र अनुचित भेदभावको सामना गरिरहेका सबैलाई पनि अन्य नेपाली सरह समान व्यवहार गरिनेछ भन्ने आशा जगायो।

सन् २००८ मा मेरो कार्यालय उच्चायुक्तको कार्यालय-नेपालले ब्रेल लिपिमा दस्तावेजहरू प्रकाशन गर्ने पहलहरूलाई सहयोग गरेर तथा मानवअधिकार रक्षकका रूपमा प्रभावकारी ढङ्गबाट कार्य गर्ने तपाईंका सदस्यहरूको क्षमता अभिवृद्धिमा सहयोग गरेर निकटबाट कार्य गर्न सुरु गरेको छ। यो एउटा सुरुवात मात्र हो र अझै धेरै कुरा गरिनेछ। यद्यपि आज हामी सबैका लागि विगत १२ महिनामा भएका उपलब्धिहरूलाई मनाउने दिन हो।

भोलि अर्कै दिन र समय हुनेछ र त्यो समय जसमा हामीले हाम्रा अघि रहेका चुनौतीहरूतर्फ ध्यान दिनुपर्छ। नेपाल सरकारद्वारा यस महासन्धिलाई अनुमोदन गर्ने कुरा निश्चय नै तीमध्ये एउटा हो। सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घीय महासभामा प्रधानमन्त्रीले आफ्नो भाषणमा मानवअधिकारप्रति बलियो प्रतिबद्धता व्यक्त गर्नुभएको देख्दा खुसी लागेको छ र उहाँले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूबारे विशेषरूपमा उल्लेख नगरे पनि उहाँको सम्बोधनको सकारात्मक स्वरले मलाई भविष्यप्रति आशावादी बनाएको छ। व्यक्तिगत रूपमा म, हाम्रो नियमित भेटघाटका क्रममा सरकारलाई सो महासन्धिको अनुमोदन गर्नेतर्फ कदम चाल्न निरन्तर प्रोत्साहित गरेरसमेत त्यसको अनुमोदनमा आफ्नोतर्फबाट भूमिका खेल्न प्रतिबद्ध छु ।

संविधानसभाले वाचा गरेअनुरूप मानसिक तथा बौद्धिक अपाङ्गता भएका समेत अपाङ्गता भएका व्यक्तिहरूलाई यस वर्षको मानवअधिकार दिवसको विषयवस्तुझैं "मर्यादा र न्यायपूर्ण" व्यवहार गरिने कुरा सुनिश्चित गर्ने संविधान निर्माण गर्ने कुरा पक्का गर्नु निश्चय नै अर्को चुनौती हुनेछ। संवैधानिक प्रावधानहरू कार्यरूपमा रूपान्तरित हुन् र कागजी प्रतिज्ञामा मात्र सीमित नरहून् भन्ने कुरा सुनिश्चित गर्नका लागि एउटा बलियो संयन्त्र स्थापना गरिनु उत्तिकै महत्त्वपूर्ण छ। महासन्धिको कार्यान्वयनका लागि कानुनी, प्रशासनिक र अन्य उपायहरू अवलम्बन गर्ने कर्तव्य राज्यको हुन्छ भनी स्पष्ट रूपमा तोकेकाले सो महासन्धि एउटा नमुना हुन सक्छ। यसमा सो महासन्धिसँग बाझिने कानुन, नियम, प्रथा र अभ्यासहरूको समीक्षा, संशोधन तथा खारेजीका साथै राज्यका सम्पूर्ण नीति र कार्यक्रमहरूमा अपाङ्गतालाई मूलप्रवाहमा ल्याउने कुराहरू पर्दछन्। अन्य क्षेत्रहरूमा जस्तै अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका क्षेत्रमा प्रतिबद्धता र कार्यान्वयनबीचको अन्तर कम गर्न सबल प्रयासहरू आवश्यक छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (घोषणापत्र) एउटा त्यस्तो दस्तावेज हो जसको सफलता छ दशकअघिका यसका सबैभन्दा उत्साहित समर्थकहरूको अपेक्षाभन्दा अगाडि पुगेको छ। डिसेम्बर १० तारिख (मङ्सिर २५ गते)मा, आजको मापदण्डको तुलनामा तीव्र र छोटो अवधिमा मस्यौदा तर्जुमा र बहस गरेपछि संयुक्त राष्ट्रसङ्घीय महासभाले घोषणापत्रलाई पारित गरेको ६० वर्ष पुग्नेछ।

प्रत्येक महिला, पुरुष र बालबालिकाको समान रूपमा र मर्यादापूर्वक व्यवहार हुने विश्वको आकाङ्क्षा राख्ने हामी सबैका लागि सो घोषणापत्र एउटा पथप्रदर्शक ज्योति भएको छ। यो घोषणालाई विरलै सुनेका मानिसहरूदेखि लिएर यो घोषणापत्रका सन्देशलाई यथार्थतामा परिणत गर्न जीवन समर्पित गरेका व्यक्तिहरू समेतलाई यी वास्तविक विश्वव्यापी लक्ष्य र सिद्धान्तहरूले विश्वव्यापी रूपमा प्रेरणा प्रदान गरेका छन्।

समानता। मर्यादा। न्याय। यी अवधारणाहरू अपाङ्गता भएका व्यक्तिहरू भएको श्रोतामाझ बोल्दा विशेष सान्दर्भिक लाग्छन्। तपाईंहरूमध्ये धेरैजना समान तथा मर्यादापूर्वक व्यवहार पाउन तथा भेदभावविरुद्धको अधिकारलगायतका तपाईंहरूका धेरै अधिकारहरूको सम्मान होस् भनेर दैनिक सङ्घर्ष गर्नुहुन्छ। विश्वका सबै भागमा अपाङ्गता भएका व्यक्तिहरूको असमान सङ्ख्या गरिबीमा बाँचिरहेको छ र यसले अपाङ्गता र सामाजिक तथा आर्थिक अधिकार नदिने कुराबीचको प्रत्यक्ष सम्पर्कलाई रेखाङ्कन गर्दछ। यद्यपि, यस देशमा मानवअधिकारका क्षेत्रमा भएका घटनाक्रमहरूलाई नियालिरहेको कुनै पनि व्यक्तिजस्तै मलाई विश्वास छ, तपाईंहरूको सङ्घर्षप्रति ध्यान दिइँदैछ र यसले फल प्राप्त गरिरहेको छ।

गहिरो जरा गाडेर रहेको भेदभावका मुद्दाहरूलाई सम्बोधन गर्नु अत्यावश्यक छ भन्ने कुरालाई उच्चायुक्तको कार्यालय-नेपाल स्वीकार गर्दछ र हामीले भेदभाव तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई हाम्रो पुनर्संरचित कार्यालयका तीनवटा प्राथमिकताका क्षेत्रमध्ये एउटा प्राथमिकता बनाएका छौं। यस प्रयासमा हामी धेरै समुदायहरूसँग साझेदारी गर्नेछौं : आदिवासी नेपाली, लैङ्गिक अल्पसङ्ख्यक, दलित, मधेशी, महिला तथा अपाङ्गता भएका व्यक्तिहरू। तपाईंहरूका अधिकारहरूको सम्मान हुने कुरा सुनिश्चित गर्न प्रभावकारी कदम चाल्न तपाईंहरू सफल हुनुहोस् भनेर नागरिक समाज, राष्ट्रिय मानवअधिकार आयोगलगायतका राष्ट्रिय मानवअधिकार संरक्षण प्रणाली, अन्य राष्ट्रिय संस्थाहरू, न्यायपालिका तथा आमसञ्चार माध्यमको क्षमता सुदृढीकरण गर्ने कार्य जारी राख्ने कुरा हाम्रा प्राथमिकतामध्ये एक हुनेछ।

सधैंजसो, सबै नेपालीहरूको मानवअधिकारको सम्मानमा सुधार ल्याउनेतर्फको बाटोमा केही अप्ठ्याराहरू आउनेछन् तर जबसम्म हामी सहयोगको भावना कायम राखी सबैका लागि मर्यादा र न्यायको लक्ष्य सम्झिरहन्छौं, मलाई विश्वास छ, अबको एक वर्षमा हामी पुनः हाम्रा विगत १२ महिनाका उपलब्धिहरूबारे कुरा गर्न सक्नेछौं।

धन्यवाद।